राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५१ २०८३ भदौ २३ गते मंगलवार (8 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## दैनिक ४० हजार सिलिन्डर माग, आपूर्ति २५ हजारमात्र

दैनिक समाचारदाता
काठमाडौं २२ भदौ । काठमाडौं उपत्यकामा अहिले खाना पकाउने ग्यास (एलपीजी) को चरम अभाव देखिएको छ ।
नेपाल आयल निगम र नेपाल एलपी ग्यास उद्योग संघका अनुसार माग र आपूर्तिबिचको सन्तुलन नमिल्दा बजारमा हाहाकार मच्चिएको हो । हाल उपत्यकामा दैनिक करिब ४० हजार सिलिन्डर ग्यासको माग रहे पनि आपूर्ति भने करिब २५ हजार सिलिन्डरमा सीमित छ । भदौ १४ गते रसुवाको भोटेकोशी र त्रिशूली नदीमा आएको भीषण बाढीले पृथ्वी राजमार्गको धादिङस्थित कृष्णभीरमा सडकको ठुलो हिस्सा कटान गरेपछि काठमाडौं भित्रिने प्रमुख मार्ग (नागढुंगा-मुग्लिन सडक) ८ दिनदेखि अवरुद्ध छ । सडक अवरुद्ध भएसँगै ग्यास मात्र होइन, पेट्रोलियम पदार्थ र खाद्यान्नको आपूर्ति समेत नराम्ररी प्रभावित भएको छ ।

*आपूर्तिमा ४० प्रतिशत गिरावट*

नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार काठमाडौंमा दैनिक माग ४० हजार सिलिन्डर भए पनि हाल करिब दैनिक १५ हजार सिलिन्डर अभाव छ । यस्तै ग्यास बिक्रेता र होटल व्यवसायीहरूले आँफैं तराइका डिपोबाट ग्यास ढुवानी गरिरहेका छन् ।
'दैनिक १०० भन्दा बढी ग्यास बुलेटहरू लोड भएर भन्सार पास भइरहेका छन्, तर कृष्णभीरको पहिरोले गर्दा ती बुलेटहरू काठमाडौं आइपुग्न सकेका छैनन्,' ठाकुरले भने, 'अहिले ती बुलेट तराईका डिपोबाट सिलिन्डरमा भरेर काठमाडौं ल्याउने कार्य भइरहेको छ ।'
सामान्य अवस्थामा तराईका डिपोहरूबाट २१ टनसम्म ग्यास बोक्ने ठुला बुलेटहरू सिधै काठमाडौंका उद्योगसम्म आइपुग्थे । तर, अहिले ती बुलेटहरू अवरुद्ध सडकका कारण थन्किएका छन् । बाटो छिटो नखुलेसम्म आपूर्ति सहज बनाउन चुनौतीपूर्ण रहेको निगमको भनाइ छ । हाल देशभरका ५८ ग्यास उद्योगमध्ये १७-१८ वटा उद्योगले मात्रै ग्यास भरिरहेका छन्, जसमा तराईका उद्योगको हिस्सा बढी छ । काठमाडौंका उद्योगहरूमा पर्याप्त ग्यास पुग्न नसकेका कारण रिफिलिङ प्रक्रिया नै सुस्त भएको छ ।

*महँगीको भार*

अभावको चपेटामा परेका उपभोक्तालाई ग्यास उद्योगीहरूले ढुवानी लागतको नाममा अर्को ठुलो आर्थिक भार थपिदिएका छन् । नेपाल एलपी ग्यास उद्योग संघले बिहीबारदेखि लागू हुने गरी प्रतिसिलिन्डर १०५ रुपैयाँ ३८ पैसा (करसहित) अतिरिक्त शुल्क असुल्ने निर्णय गरेको छ । यससँगै काठमाडौंमा ग्यासको मूल्य साविकको २,०६० रुपैयाँबाट बढेर २,१६५ रुपैयाँ ३८ पैसा

बाँकी पृष्ठ ४मा

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

# भोटेकोशी बाढीमा मृतकको सम्झनामा मधेशमा राष्ट्रिय शोक

## प्रदेशका मन्त्रालयदेखि आठवटै जिल्लाका सरकारी कार्यालयमा झुकाइयो राष्ट्रिय झण्डा, जनकपुरधाममा श्रद्धाञ्जली सभा

दैनिक समाचारदाता
जनकपुरधाम, २२ भदौ । रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीमा परी मृत्यु भएकाहरूको सम्झनामा सोमबार मधेश प्रदेशसहित देशभर राष्ट्रिय शोक मनाइएको छ । नेपाल सरकारको मन्त्रिपरिषद्ले भदौ १८ गते गरेको निर्णयअनुसार बाढीमा ज्यान गुमाएकाहरूको सम्मानमा घटनाको तेह्रौं दिन राष्ट्रिय शोक मनाइएको हो ।
राष्ट्रिय शोकका अवसरमा मधेश प्रदेश सरकारका सबै मन्त्रालय तथा प्रदेशका आठवटै जिल्लास्थित सरकारी कार्यालयमा राष्ट्रिय झण्डा आधा झुकाइएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलका अनुसार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्दै जिल्लाका सरकारी कार्यालयमा राष्ट्रिय झण्डा आधा झुकाइएको हो ।





राष्ट्रिय शोकका क्रममा देशभरका सरकारी कार्यालयसँगै विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक नियोगमा समेत राष्ट्रिय झण्डा आधा झुकाइएको छ ।
यसअघि शनिबार साँझ मधेश प्रदेशको राजधानी जनकपुरधाममा विभिन्न सङ्घसंस्थाले भोटेकोशीसहित विभिन्न जिल्लामा बाढीपहिरोमा परी ज्यान गुमाएकाहरूको सम्झनामा श्रद्धाञ्जली सभा तथा दीप प्रज्वलन गरेका थिए । जनकचोकमा आयोजित कार्यक्रममा मृतकहरूको आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो । कार्यक्रममा मधेश प्रदेशका सभामुख रामअशिष यादवले विपत्को समयमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । उहाँले सङ्कटको घडीमा बाढीपहिरो प्रभावित नागरिकलाई राज्य तथा समाजको साथ र सहयोग आवश्यक रहेको भन्दै उद्धार तथा राहतका लागि सबै पक्षले हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो ।
धनुषाका प्रमुख जिल्ला अधिकारी लुइटेलले प्राकृतिक विपत्का समयमा प्रभावित नागरिकको उद्धार, राहत र सुरक्षालाई प्राथमिकतामा राखेर सरकारी संयन्त्रले काम गरिरहेको बताउनुभयो । उहाँले विपत्पीडित नागरिकको मानव अधिकार संरक्षणका लागि राज्यका निकाय, मानव अधिकारकर्मी तथा सामाजिक सङ्घसंस्थाबीच प्रभावकारी सहकार्य र समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो ।

बाँकी पृष्ठ ४मा

# १९७ ग्राम हेरोइनजस्तो पदार्थसहित दुई पक्राउ


## मिथिला-२ मा मोटरसाइकल जाँच गर्दा लागुऔषध बरामद

दैनिक समाचारदाता
जनकपुरधाम, २२ भदौ । धनुषामा प्रहरीले १९७ ग्राम ४४० मिलिग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ ।
मिथिला नगरपालिका-२ नक्टाझिझस्थित जनकपुरधाम-ढल्केवर सडकखण्डमा सोमबार बिहान विशेष सूचनाका आधारमा शंकास्पद मोटरसाइकल जाँच गर्ने क्रममा प्रहरीले उक्त पदार्थ बरामद गरेको हो ।
लागुऔषध नियन्त्रण ब्युरो बर्दिवास र इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले जनकपुरबाट ढल्केवरतर्फ जाँदै





गरेको ज ९ प ५६९७ नम्बरको मोटरसाइकल रोकी जाँच गरेको थियो ।
जाँचका क्रममा मोटरसाइकलको पछाडि सवार भारतको मधुवनी जिल्ला, कमलावारी पुरी-१३ का करिब २७ वर्षीय संजित कुमार रामले बोकेको कालो प्लास्टिकको झोलाबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ ।
बरामद पदार्थको तौल १९७ ग्राम ४४० मिलिग्राम रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
प्रहरीले मोटरसाइकल चालक धनुषाको सबैला नगरपालिका-१० खरियानी टोलका करिब ३४ वर्षीय राकेश चमार र संजित कुमार रामलाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको छ ।
पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# मधेशमा नागरिक खबरदारी

मधेश प्रदेशमा सामाजिक, राजनीतिक तथा नागरिक सरोकारका समस्या दिनप्रतिदिन जटिल बन्दै गएका छन्। बालविवाह, महिला हिंसा, सामाजिक विभेद, शोषण, दमन, सीमावर्ती क्षेत्रमा बढ्दो दुर्व्यसन तथा युवामा बढ्दै गएको कुलतको प्रवृत्ति यसका केही उदाहरण हुन्। यी समस्या नयाँ होइनन्। लामो समयदेखि विद्यमान रहेका यस्ता विकृतिको अन्त्यका लागि कानुन बनेका छन्, सरकारी संरचना खडा भएका छन् र विभिन्न तहबाट कार्यक्रम पनि सञ्चालन हुँदै आएका छन्। तर अपेक्षित सुधार भने अझै देखिएको छैन।

यसले एउटा गम्भीर प्रश्न जन्माउँछ–समस्या कानुनको अभावमा हो कि त्यसको कार्यान्वयनमा? राज्यका निकाय जिम्मेवार बन्न नसक्दा वा बनेका कानुन व्यवहारमा प्रभावकारी रूपमा लागू हुन नसक्दा सामाजिक विकृति नियन्त्रणभन्दा विस्तारतर्फ उन्मुख हुनु चिन्ताजनक विषय हो।

जनकपुरधाममा आयोजित 'नागरिक चबुतरा'मा युवा, अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिले उठाएका सवाल यही यथार्थका प्रतिबिम्ब हुन्। सार्वजनिक सरोकारका विषयमा नागरिक समाजले बहस र खबरदारी गर्नुपर्ने आवश्यकता औँल्याउनु आफैँमा सकारात्मक पक्ष हो। लोकतन्त्रमा राज्यका निकायलाई प्रश्न गर्नु नागरिक समाजको अधिकार मात्र होइन, जिम्मेवारी पनि हो।

मधेशको अर्को महत्वपूर्ण चुनौती राजनीतिक अस्थिरता र राजनीतिक संस्कारको अभाव हो। राजनीतिक नेतृत्व जनताको समस्या समाधान गर्नेभन्दा सत्ता समीकरण र तत्कालीन स्वार्थमा बढी केन्द्रित हुँदा त्यसको प्रत्यक्ष प्रभाव शासन प्रणाली र नागरिक जीवनमा पर्छ। कमजोर राजनीतिक संस्कारले प्रशासनिक प्रभावकारिता घटाउँछ, जवाफदेहिता कमजोर बनाउँछ र विकासका प्राथमिकता ओझेलमा पर्छन्। त्यसैले मधेशका सामाजिक समस्यालाई राजनीतिक समस्याबाट अलग गरेर हेर्न सकिँदैन।महिला हिंसा, बालविवाह, दुर्व्यसन तथा सामाजिक विभेदलाई केवल परिवार वा व्यक्तिको निजी समस्या मान्ने प्रवृत्ति पनि बदलिनुपर्छ। यी विषय मानव अधिकार, सामाजिक न्याय र राज्यको दायित्वसँग प्रत्यक्ष जोडिएका सार्वजनिक सरोकारका विषय हुन्। कुनै बालिका बालविवाहमा धकेलिन्छिन् भने त्यो उनको परिवारको मात्र समस्या होइन; राज्यको कानुनी तथा सामाजिक संरक्षण प्रणालीको प्रभावकारितामाथिको प्रश्न पनि हो। कुनै युवा दुर्व्यसनमा फस्छ भने त्यसलाई उसको व्यक्तिगत कमजोरीका रूपमा मात्र हेरेर राज्य र समाज आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन।

तर यसको अर्थ राज्यले मात्र सबै समस्या समाधान गर्नुपर्छ भन्ने होइन। नागरिक समाज, युवा, सञ्चार क्षेत्र, समुदाय र राजनीतिक नेतृत्वको पनि उत्तिकै भूमिका हुन्छ। नागरिक समाज राजनीतिक दलको पक्ष वा विपक्षमा विभाजित हुने होइन, सार्वजनिक सरोकारका मुद्दामा स्वतन्त्र र निष्पक्ष भएर उभिनुपर्छ। राज्यले गलत गरे प्रश्न गर्नुपर्छ, राम्रो काम गरे समर्थन गर्नुपर्छ र आवश्यक परे सुधारका लागि निरन्तर दबाब दिनुपर्छ।

त्यसैगरी, सञ्चारमाध्यमले समस्यालाई समाचार बनाएर मात्र आफ्नो भूमिका पूरा हुँदैन। समस्याको कारण, प्रभाव र समाधानका सम्भावित उपायबारे निरन्तर बहस चलाउनु आवश्यक छ। युवा पुस्तालाई सामाजिक अभियानसँग जोड्न सकियो भने परिवर्तनको गति अझ तीव्र हुन सक्छ।

मधेशमा समस्याको सूची लामो छ। त्यसैले सबै समस्या एकैपटक समाधान गर्नेभन्दा प्राथमिकता निर्धारण गरेर अघि बढ्नु व्यावहारिक हुन्छ। बालविवाह, महिला हिंसा, दुर्व्यसन, विभेद, बेरोजगारी र सुशासनजस्ता विषयमा स्पष्ट कार्ययोजना बनाएर राज्य, नागरिक समाज र समुदायबीच सहकार्य आवश्यक छ। कानुन बनाउने मात्र होइन, त्यसको कार्यान्वयनको नियमित अनुगमन र दोषीमाथि प्रभावकारी कारबाही पनि उत्तिकै आवश्यक छ।

'नागरिक चबुतरा' जस्ता सार्वजनिक बहसका थलोले मधेशका समस्यालाई सतहमा ल्याउने काम गरेका छन्। अब त्यस्ता बहस केवल कार्यक्रममै सीमित हुनु हुँदैन। उठाइएका सवाललाई नीति निर्माण, कार्यान्वयन र सामाजिक अभियानसँग जोड्न सक्नुपर्छ। नागरिक आवाजलाई निरन्तर दबाबमा रूपान्तरण गर्न सकिए मात्र राज्यलाई जवाफदेही बनाउन सकिन्छ।

मधेश परिवर्तनको प्रतीक्षामा मात्र बस्ने प्रदेश होइन; परिवर्तनको नेतृत्व गर्न सक्ने सम्भावना बोकेको प्रदेश हो। त्यसका लागि राज्य जिम्मेवार, राजनीतिक नेतृत्व जवाफदेही र नागरिक समाज स्वतन्त्र तथा सक्रिय हुनुपर्छ। सामाजिक विकृतिविरुद्ध सामूहिक खबरदारी र सार्वजनिक बहसलाई निरन्तरता दिन सकियो भने मात्र मधेशमा सुशासन, सामाजिक न्याय र नागरिक अधिकारको बलियो आधार निर्माण गर्न सकिन्छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# प्रधानमन्त्री बालेन शाहलाई तेस्रो पत्र



प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

प्रधानमन्त्री बालेन शाहज्यू, तपाईं संयुक्त राष्ट्र सङ्घको ८१औं महासभामा भाग लिन जाँदै हुनुहुन्छ। यस्तो गरिमामय अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तपाईं न्यूयोर्क जाने खबरले हामी सबै नेपालीलाई हर्षित र उत्साहित बनाएको छ।

यो भ्रमण केवल एउटा औपचारिक कूटनीतिक भ्रमण मात्र नभई विश्व समुदायसामु नेपाल र नेपालीको आवाज सुनाउने र नेपालको सम्भावना प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर हो। त्यसैले, यस पटकको तपाईंको सम्बोधनलाई हामी नेपालीले विशेष आशा र अपेक्षाका साथ हेरिरहेका छौं।

त्बतब

नेपालको प्रतिनिधिका रूपमा त्यस गरिमामय मञ्चमा तपाईंले हालै रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले नेपालमा पुऱ्याएको मानवीय तथा भौतिक क्षति, त्यसको सम्भावित कारण र दीर्घकालीन असर बारे विश्व समुदायलाई विस्तृत रूपमा जानकारी गराउनुहुनेछ भन्ने मा हामी विश्वस्त छौं।

जलवायु परिवर्तनको असरले हिमालमा हिउँ पग्लिँदै छ, हिमतालहरू जोखिममा छन्, बाढी, पहिरो, अतिवृष्टि र अनावृष्टिजस्ता प्राकृतिक विपद्हरू बढ्दै गएका छन्। जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि त्यसको ठूलो मूल्य नेपालले चुकाइरहेको वास्तविकताबारे विश्व समुदायलाई जानकारी दिनुहुनेछ भन्ने आशा राखेका छौं।

हिमालको संरक्षण नेपालका लागि मात्र होइन, सम्पूर्ण मानवजातिका लागि आवश्यक छ। नेपालका नदी, हिमाल र जैविक विविधताको संरक्षण विश्वको साझा जिम्मेवारी हो भन्ने स्पष्ट सन्देश दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ।

संयुक्त राष्ट्र सङ्घको यस गरिमामय मञ्चबाट नेपाल सहयोग मात्र माग्न आएको होइन, समानता, न्याय र साझा समृद्धिका लागि सहकार्य गर्न आएको हो भन्ने सन्देशका साथै, नेपाल दया होइन, जलवायु न्याय चाहन्छ; घोषणा होइन, कार्यान्वयन चाहन्छ भन्ने स्पष्ट अडान विश्व समुदायसमक्ष राख्नुहुनेछ भन्ने अपेक्षा हामी सबैले गरेका छौं।

नेपाल सानो देश अवश्य हो, तर हामी शान्ति, मानव अधिकार, समानता र दिगो विकासमा विश्वास गर्ने राष्ट्र हौं। हामी युद्ध होइन, शान्ति; असमानता होइन, न्याय; विनाश होइन, संरक्षण चाहन्छौं। यही नै भावी पुस्तालाई हामीले हस्तान्तरण गर्नुपर्ने सुरक्षित, शान्त र समृद्ध विश्व हो भनेर सभाहलमा जोडदार सँग राख्नुहोला।

*प्रधानमन्त्रीज्यू,*

संयुक्त राष्ट्र सङ्घको महासभामा तपाईंले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको क्षति र त्यसको न्यायोचित क्षतिपूर्तिको विषय उठाउनुहुनेछ।

तर, अन्तर्राष्ट्रिय मञ्चमा नेपालले आफ्नो अधिकार र क्षतिपूर्तिको दाबी राखेपछि नेपालले आफ्नै देशभित्र जोखिम न्यूनीकरण, पूर्वतयारी, जोखिमयुक्त बस्तीको व्यवस्थापन, विकास नीति र सुशासनका क्षेत्रमा आफ्नो जिम्मेवारी कति पूरा गऱ्यो भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठ्न सक्छ।

तपाईं महासभामा सम्बोधन गरेर सभाहलबाट बाहिरिने क्रममा विश्वका सञ्चारकर्मीहरूले तपाईंलाई तल उल्लेखित केही सम्भावित गम्भीर र असहज प्रश्नहरू सोध्न सक्छन्। त्यसको जवाफसमेत तयारी गरेर जानुहोला भन्ने मेरो सुझाव छ।

***पहिलो प्रश्न:*** जलवायु परिवर्तनबाट हुने प्रकोपलाई न्यूनीकरण गर्न सकिन्छ, पूर्ण रूपमा रोक्न सकिँदैन। यस्तो अवस्थामा अत्याधुनिक पूर्वसूचना प्रणालीमा मात्र भर परेर नदी-खोलाको किनारमा बस्ती राख्नु सुरक्षित हुन्छ कि नदी-खोलालाई प्राकृतिक रूपमा बग्ने पर्याप्त ठाउँ छोड्नु सुरक्षित हुन्छ?

***दोस्रो प्रश्न:*** प्राकृतिक प्रकोप आउनुअघि पूर्वसूचना दिएर मानव जीवन जोगाउन सकिएला। तर नदी, हिमताल तथा पहिरोको जोखिम क्षेत्रमा पहिले नै निर्माण भइसकेका सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनालाई कसरी सुरक्षित राख्ने योजना छ?

***तेस्रो प्रश्न:*** हिमताल फुट्न सक्ने सम्भावना र बाढी पहिरोको जोखिम वर्षौंदेखि बहसको विषय बनिरहेको अवस्थामा नदी तथा खोलाका किनारमा रहेका जोखिमयुक्त बस्तीलाई समयमै सुरक्षित स्थानमा व्यवस्थापन गर्न किन सक्नुभएन? त्यस्ता जोखिमपूर्ण बस्तीहरुलाई सुरक्षित राख्न वा स्थानान्तरण गर्न सरकारले के गरिरहेको छ?

***चौथो प्रश्न:*** एउटै नदी तथा जलाधार क्षेत्रमा धेरै जलविद्युत् आयोजना निर्माण गर्न स्वीकृति दिइनुले जलवायु परिवर्तनका कारण प्राकृतिक विपद्को जोखिमको सम्भावना बढाउन सक्छ वा सक्दैन ? यस्तो विकास नीति कत्तिको सुरक्षित र वैज्ञानिक छ?

***पाँचौं प्रश्न:*** विपद् प्रभावितका लागि राहत तथा पुनर्निर्माणमा विश्व समुदायबाट प्राप्त रकम र सहयोगको उचित सदुपयोग गर्दै ती विस्थापित परिवारहरूको सुरक्षित स्थायी पुनर्स्थापना कहाँ र कसरी गर्ने बारे तपाईंको सरकारले के कस्तो योजना बनाएको छ ?

***छैटौं प्रश्न:*** काठमाडौंको बागमती किनारमा बसोबास गर्ने नागरिकलाई प्राकृतिक विपत्तिको जोखिमबाट जोगाउन गरिएको व्यवस्थापनका क्रममा मानव अधिकार हनन लगायतका आरोप लागे। यस विषयमा तपाईंको सरकारले ठूलो विरोधसमेत खेप्नुपऱ्यो। तपाईंको त्यो निर्णय बारे अहिले तपाईं के भन्न चाहनुहुन्छ?

***सातौं प्रश्न:*** जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनसम्बन्धी व्यावहारिक शिक्षा विद्यालय तहदेखि नै पाठ्यक्रममा पर्याप्त रूपमा समावेश गरिएको छ कि छैन? यदि छैन भने, भविष्यमा यसलाई पाठ्यक्रममा समावेश गर्न सरकारले के योजना बनाएको छ?

***आठौं तथा अन्तिम प्रश्न:*** प्रधानमन्त्रीज्यू, विकासमा पछाडि परेका प्रदेशका जनता दशकौंदेखि राज्यको समान विकासबाट वञ्चित भएको भन्दै, समय समयमा विकासको अधिकार र त्यसको क्षतिपूर्तिको माग गर्दै आएका छन्। आफ्नै देशका जनताको यो माग पूर्ण रूपमा सम्बोधन गर्न नसकेको अवस्थामा, विकसित मुलुकहरूको विकासका कारण जलवायु परिवर्तनबाट नेपालले भोगेको क्षतिको क्षतिपूर्ति माग गर्नु कत्तिको सान्दर्भिक हुन्छ?

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गएर जलवायु परिवर्तनबाट भएको क्षतिको क्षतिपूर्ति माग्ने विषयलाई एउटा सान्दर्भिक कथासँग जोड्न चाहन्छु।

एक दिन कुनै राज्यका राजा आफैं घोडा दौडाउँदै एक्लै एउटा महर्षि ऋषिको आश्रममा दर्शनका लागि पुगे। राजा निकै हतारमा थिए। त्यसैले उनले आश्रम परिसरमा घोडालाई नबाँधी त्यसै छाडिदिए र हतार-हतार ऋषिको दर्शन गर्न अघि बढे।

अचानक राजालाई आफ्नो अगाडि देखेर महर्षिले सोध्नुभयो, "राजन ! अचानक कसरी आगमन भयो? अनि हजुरको घोडा खोइ, कहाँ राख्नुभयो?"

राजाले उत्तर दिए, "गुरुदेव, म अलि हतारमा हतारमा छु। त्यसैले घोडालाई आश्रम परिसरमै छाडेर आएको छु।"

यो सुनेर महर्षिले भन्नुभयो,"राजन! यहाँ वरिपरि अति राम्रा र सुन्दर बगैंचाहरू छन्। घोडाले फुल , बिरुवा नोक्सान गर्न सक्छ। त्यसकारण हजुरले त्यसलाई कतै लगेर राम्ररी बाँधेर आउनु पर्थ्यो !"

राजाले सहजै भने, "गुरुदेव! हजुरको यो पवित्र आश्रममा स्वयं हजुर हुनुहुन्छ, ईश्वरको कृपा छ। घोडाले के नै नोक्सान गर्ला र? त्यसैले भगवानले नै सबै रक्षा गर्नुहुनेछ भन्ने भरोसामा घोडा छाडिदिएको हुँ।"

महर्षिले मुस्कुराउँदै दृढ स्वरमा भन्नुभयो, "त्यस्तो होइन राजन! ईश्वर वा गुरुको भरोसा पछि आउँछ, पहिले आफ्नो कर्म आउँछ। अहिले गएर तुरुन्त घोडालाई सुरक्षित ठाउँमा बाँधिदिनुस्। तपाईंले आफ्नो तर्फबाट गर्नुपर्ने कर्तव्य पूरा गरेपछि मात्र बाँकी काम मेरो र ईश्वरको हो।"

आज जलवायु परिवर्तनको मुद्दामा पनि हामी प्राय: पूर्वतयारी र जोखिम न्यूनीकरणका आफ्ना दायित्व पूरा नगरी विश्व समुदायको सहयोगको मात्र अपेक्षा गरिरहेका छौं। घोडालाई नबाँधी "भगवान्ले रक्षा गर्छन्" भन्नु र आफ्ना नदी किनारका जोखिमयुक्त बस्तीहरूको व्यवस्थापन नगरी सिधै अन्तर्राष्ट्रिय मञ्चमा क्षतिपूर्ति माग्नु उस्तै-उस्तै हो भन्दा गलत नहोला। त्यसैले, देशभित्रका जोखिमपूर्ण बस्तीहरूको व्यवस्थापन सुरु गरौं। पूर्वतयारी र जोखिम न्यूनीकरण गर्दै जाऔं। आफ्नो दायित्व पूरा नगरी क्षतिपूर्ति मागेर मात्र क्षति रोक्न सकिँदैन। पहिले आफ्नो कर्तव्य बारे पूर्णरूपमा जानकार होऔं र त्यसका निम्ति कामको थालनी गरौं। त्यसपछि विश्व समुदायसँग जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको क्षतिको हिसाब-किताब र न्यायोचित क्षतिपूर्ति माग्दा हाम्रो नैतिक धरातल अझ बलियो हुनेछ।

अन्तमा , प्रधानमन्त्रीज्यू, तपाईंको यो महत्त्वपूर्ण पहिलो अन्तर्राष्ट्रिय भ्रमण सफल रहोस्। संयुक्त राष्ट्र सङ्घको गरिमामय मञ्चमा नेपाल र नेपालीको शिर उच्च राख्दै, देशको हित र नेपाली जनताको आवाज विश्वसमक्ष सशक्त रूपमा प्रस्तुत गरेर फर्किनुहोस्।

हार्दिक शुभकामना ।शुभ यात्रा! साभार :रातोपाटीडटकम

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# गम्भीर रोगको लक्षण हुन सक्छ बान्ता



*डा. आशिष सत्याल*

दैनिक जीवनमा वाकवाकी लाग्ने वा बान्ता हुने समस्या हामीमध्ये धेरैले भोगेका हुन्छौँ । कहिलेकाहीँ खानपानमा गडबडी हुँदा, यात्रा गर्दा तथा गर्भावस्थाको समयमा बान्ता हुनुलाई सामान्य मानिन्छ, तर सबै प्रकारका बान्ता सामान्य हुँदैनन् ।

कतिपय अवस्थामा बान्ता गम्भीर रोगको प्रारम्भिक लक्षण हुन सक्छन् । बारम्बार बान्ता भइरह्यो, रगत देखियो, आलस्यपन महसुस भयो, श्वासप्रश्वासमा समस्या आयो भने गम्भीर रूपमा लिनुपर्छ र तत्काल अस्पताल लगिहाल्नुपर्छ ।

> बान्ता सामान्य समस्या जस्तो देखिए पनि कहिलेकाहीँ गम्भीर रोगको संकेत हुन सक्छ। लगातार बान्ता हुनु, रगत देखिनु, अत्यधिक कमजोरी वा श्वासप्रश्वासमा समस्या देखिए तत्काल अस्पताल जानुपर्छ। बालबालिका र वृद्धवृद्धामा बान्तालाई विशेष गम्भीरतापूर्वक लिनुपर्छ। लामो समयसम्म बान्ता हुँदा शरीरमा पानी तथा खनिज पदार्थको कमी भई जलवियोजन हुन सक्छ। समयमै चिकित्सकीय परामर्श लिनु आवश्यक हुन्छ।

बालबालिकामा भने बान्ता आउनु सामान्य मानिँदैन । यदि बच्चाले लगातार बान्ता गरिहन्छ भने पेटबाट आन्द्रामा जाने बाटोको मासु फुलेर 'पाइलोरिक स्टेनोसिस'जस्तो जटिल समस्या आउन सक्छ । बान्ताबाट निस्किएको तरल पदार्थ श्वास नलीमा पस्यो भने श्वासप्रश्वासमा अवरोध पुग्न सक्छ । बान्ता भइरहे बच्चाहरुमा जलवियोजन (डिहाइड्रेसन) हुन सक्छ । वृद्धवृद्धामा भने लामो समयसम्म बान्ता भइरहेमा पाचन प्रणालीभित्र कतै ट्युमर पलाएको या क्यान्सर भएको त छैन भनेर आशङ्का गर्नुपर्ने हुन्छ ।

लगातार बान्ताले शरीरमा गम्भीर असर निम्त्याउँछ । बान्ता गर्दा खाना नली र मुखमा जोड्ने भागमा घाउ वा अल्सर हुन सक्छ । यसैगरी शरीरको आवश्यक पानी र खनिज पदार्थ बाहिरिने भएकाले डिहाइड्रेसन या जलवियोजन हुन सक्छ, विशेषगरी बालबालिकामा । मुख सुक्खा हुने, छालाको लचिलोपन हराउने, छटपटाउने र मष्तिस्कमा अक्सिजनको कमी भई झुम्मिएर बेहोस हुन खोज्नु डिहाइड्रेसनका मुख्य लक्षण हुन् । यस्तो अवस्थामा बिरामीलाई तत्काल अस्पताल पुऱ्याएर स्लाइन चढाउनुको विकल्प हुँदैन ।

***यात्रा गर्दा बान्ता हुने (मोसन सिकनेस) र गर्भावस्थामा बान्ता हुने समस्या***

लामो दुरीको यात्रा गर्दा, विशेषगरी घुमाउरो बाटोमा बस वा कारको पछाडि सिटमा बस्दा धेरैलाई बान्ता हुने गर्छ, जसलाई 'मोसन सिकनेस' भनिन्छ । कानको भित्री भागमा तीन वटा सिलिन्डरजस्ता संरचना हुन्छन्, जुन इन्डोलिम्फ नामक तरल पदार्थले भरिएको हुन्छ । यसको मुख्य काम शरीर र टाउकोलाई गुरुत्वाकर्षणको तुलनामा सन्तुलनमा राख्नु हो । जब गाडी घुमाउरो बाटोमा कुद्छ, कानको तरल पदार्थ तीव्र रूपमा यताउता सर्छ, जसले गर्दा मष्तिस्कले शरीर कुन अवस्थामा छ भनेर ठम्याउन सक्दैन र भ्रम पैदा भइ बान्ता हुन्छ । यसैलाई मोसन सिकनेस भनिन्छ । धेरैले यात्रा गर्नुअघि आफैँ फार्मेसीबाट औषधि किनेर खाने गर्छन्, जसलाई ओभर द काउन्टर (ओटीसी) औषधि भनिन्छ, जसका लागि चिकित्सकको प्रेसक्रिप्सनविना नै किन्न सकिन्छ, तर निश्चित नियममा रहेर प्रयोग गर्न सकिन्छ ।

गर्भवती महिलामा विशेषगरी पहिलो तीन महिना (फस्ट ट्राइमेस्टर) मा वाकवाकी लाग्ने र बान्ता हुने समस्या अत्यधिक देखिन्छ । यो एचसीजी नामक हर्मोन बढेका कारण हुन्छ । यो हर्मोन गर्भाशयमा बच्चालाई सुरक्षित राख्न आवश्यक भए पनि यसले मष्तिस्कको 'क्यामोरिसेप्टर ट्रिगर जोन' मा असर गर्दा वाकवाकी लाग्ने गर्छ । पहिलो पटक आमा बन्न लागेका महिलामा यो बढी देखिए पनि पछिल्लो गर्भावस्थामा बिस्तारै घट्दै जान्छ । गर्भावस्थाको वाकवाकीलाई सामान्य मानिए पनि यदि बान्ताका कारण आमा र बच्चा दुवैलाई असर पर्ने गरी डिहाइड्रेसन भएमा अस्पताल भर्ना हुनुपर्छ । गर्भावस्थाको सुरुआती चरणमा जथाभावी औषधि खान निषेध भएकाले चिकित्सकको कडा निगरानीमा मात्र सुरक्षित औषधि र स्लाइनको प्रयोग गर्नुपर्छ ।

***ध्यान दिनुपर्ने कुरा***

वृद्धवृद्धामा वान्ता भयो भने गम्भीर मानिन्छ । खासगरी बान्ता एक-दुई दिन होइन, लगातार आयो भने जीआइ ट्र्याक अर्थात् पाचन प्रणालीमा क्यान्सर छ कि भनेर शङ्का गर्नुपर्ने हुन्छ । बालबालिकामा पनि गम्भीर अवस्था देखिन थाल्यो भने आमाको दुध खुवाएर या स्लाइन पानी दिएर ठिक गर्न सकिन्छ ।

मानिसहरुले बान्तालाई सामान्य रूपमा लिने र घरेलु उपचारमै भर पर्ने गर्छन्, तर गम्भीर खालका रोगका कारण पनि बान्ता हुन सक्छ । बान्ता सामान्य ग्यास्ट्रिकदेखि आन्द्रा खुम्चने वा बन्द हुने (इन्टेस्टाइनल अब्स्ट्रक्सन), आन्द्राको क्षयरोग, क्रोन्स डिजिज र क्यान्सरजस्ता जटिल रोगको लक्षण हुन सक्छ । दैनिक जीवनमा जङ्कफुड, अत्यधिक चिल्लोपिरो खानेकुराको सेवन घटाए पोषणयुक्त सन्तुलित खाना खाने गरेमा ग्यास्ट्राइटिसको समस्याबाट धेरै हदबाट जोगिन सक्छ । तसर्थ, कुनै पनि प्रकारको बान्तालाई बेवास्ता नगरी समयमै अस्पताल गएर सम्बन्धित विशेषज्ञसँग परामर्श र सही परीक्षण गराउनु नै उचित उपाय हो ।

*(डा. सत्याल नर्भिक अस्पतालका कन्सल्टेन्ट ग्यास्ट्रोइन्टेरोलोजिस्ट हुन्)*

## इजरायली हवाई आक्रमणमा दक्षिणी लेबनानमा कम्तीमा १० जनाको मृत्यु

एजेन्सी

बेरुत २२ भदौ । दक्षिणी लेबनानमा इजरायलले गरेको हवाई आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दुई महिनाका शिशुसहित बालबालिका पनि रहेको जनाइएको छ । घटनामा कम्तीमा दुई जना अझै बेपत्ता छन् ।

सोमबार बिहान नबातिएह जिल्लाको कफर रेमान सहरमा संरचनानजिक रहेको भवनलाई निशाना बनाइएको थियो, जहाँबाट विस्फोटक बोकेको ड्रोन प्रक्षेपण गर्ने गरिएको सेनाको दाबी छ ।

अमेरिकाको मध्यस्थतामा इजरायल र लेबनानबिच जुन महिनामा युद्धविराम सम्झौता भए पनि दक्षिणी लेबनानमा इजरायली आक्रमण जारी छ ।



सोमबार कफर रेमानबाट घटनाबारे रिपोर्टिङ गर्दै अल जजिराकी पत्रकार जेना खोड्रले दक्षिणी लेबनानमा अहिले अनिश्चितता र डरको अवस्था रहेको बताइन् । उनका अनुसार आक्रमणमा बालबालिकासहित दुई महिनाका शिशुको समेत मृत्यु भएको छ ।

पछिल्लो ४८ घण्टामा इजरायली आक्रमणको लहर चलेको र यस क्रममा सर्वसाधारणको मृत्यु हुनुका साथै आवासीय घरहरू ध्वस्त भएको उनले बताइन् । आक्रमणपछि नागरिक सुरक्षा टोलीले उद्धार तथा खोजी कार्य जारी राखेको छ। भग्नावशेषमा पुरिएका वा बेपत्ता भएका व्यक्तिको खोजीका लागि उद्धार कर्मीहरू रातभर घटनास्थलमा खटिएका थिए ।

भएको आक्रमणमा उनीहरूको मृत्यु भएको हो । पछिल्लो ४८ घण्टामा दक्षिणी लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ । यसअघि आइतबार नजिकैको अरब सलीम सहरमा इजरायली हवाई आक्रमण हुँदा कम्तीमा सात जनाको मृत्यु भएको थियो भने २० जना घाइते भएका थिए ।

इजरायली सेनाले दक्षिणी लेबनानकै देइर अल-जहरानी सहरको आवासीय क्षेत्रमा समेत रातभर आक्रमण गरेको जनाएको छ । सेनाले उक्त क्षेत्र खाली गर्न बाध्यकारी आदेश जारी गरेपछि आक्रमण भएको थियो । इजरायली सेनाका अनुसार हिजबुल्लाहको एउटा

## रुसमा हिमपहिरो कम्तीमा ११ जनाको मृत्यु

एजेन्सी

मस्को । रुसको उत्तरी ककेशसस्थित काबार्डिनो-बाल्कारिया क्षेत्रमा हिमपहिरो जाँदा कम्तीमा ११ जना पर्वतारोहीको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । स्थानीय आपत्कालीन सेवाका अनुसार आइतबार साँझ करिब ५ बजे रुसको उत्तरी ककेशसको अग्ला हिमशिखरमध्ये एक मिजिर्गी पर्वतमा हिमपहिरो खसेको थियो । हिमपहिरोले ३३ जना पर्वतारोही रहेको समूहलाई प्रभावित पारेको थियो ।

सोमबार बिहान ९ बजेसम्म १० जना पर्वतारोही आफैँ सुरक्षित रूपमा पहाडबाट तल झर्न सफल भएका थिए । अन्य ६ जनाको अवस्था भने अज्ञात रहेको आपत्कालीन अधिकारीहरूले बताएका छन् ।



उद्धार तथा खोजी अभियानमा ५० भन्दा बढी आपत्कालीन उद्धारकर्मी परिचालन गरिएको छ । तर, कठिन भौगोलिक अवस्था र थप हिमपहिरो आउन सक्ने उच्च जोखिमका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको अधिकारीहरूले बताएका छन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# विपत्तिमा एकजुट हुन राष्ट्रपतिको आह्वान


## ‘दोषारोपण र राजनीतिक टकराव होइन, राष्ट्रिय एकता र पुनरुत्थानमा जुटौँ’

दैनिक समाचारदाता

काठमाडौँ, भदौ २२ गते । राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ १० गते आएको विनाशकारी बाढीपहिरोबाट उत्पन्न कठिन परिस्थितिमा सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज र आमनागरिकलाई एकताबद्ध भएर अघि बढ्न आह्वान गरेका छन् । सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले अहिले दोषारोपण, राजनीतिक विवाद र टकरावमा अल्झिने समय नभएको भन्दै राष्ट्रिय एकता र ऐक्यबद्धता प्रदर्शन गर्न आग्रह गरेका हुन् ।

उनले हिमनदीको बरफ र चट्टानसहितको हिमपहिरो खसेर आएको बाढीलाई कहालीलाग्दो प्राकृतिक प्रकोपको संज्ञा दिँदै यसबाट ठूलो जनधन तथा भौतिक क्षति भएको बताए । बाढीपहिरोले मानव जीवन, घरपरिवार, जीविकोपार्जनका आधार, सडक, पुल तथा जलविद्युत् आयोजनालगायत महत्वपूर्ण पूर्वाधारमा अकल्पनीय क्षति पुऱ्याएको उनले उल्लेख गरे ।

विपत्तिमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्रपति पौडेलले शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरे । घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनले बेपत्ता नागरिकको खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिन सरकारको ध्यानाकर्षण गराए ।



उद्धार तथा राहतमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा स्वयंसेवकको साहस र सेवाभावको प्रशंसा गर्दै उनले जोखिम मोलेर उद्धारमा खटिनु नेपालीको उत्कृष्ट मानवीय चरित्रको परिचायक भएको बताए ।

कठिन भौगोलिक अवस्था, क्षतिग्रस्त सडक तथा जोखिमपूर्ण परिस्थितिलाई बेपत्ता नागरिकको खोजी तथा उद्धार कार्य रोक्ने कारण बनाउन नहुने उनको भनाइ थियो ।

विपत्तिमा परी ज्यान गुमाएका विदेशी नागरिकप्रति समेत राष्ट्रपति पौडेलले शोक व्यक्त गरे । नेपालले आफ्नो भूमिमा रहेका हरेक व्यक्तिलाई परिवारकै सदस्यका रूपमा लिने उल्लेख गर्दै उनले प्रभावित देशका सरकार तथा कूटनीतिक नियोगसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रपतिले छिमेकी मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय समुदायबाट खोज, उद्धार, प्राविधिक र चिकित्सकीय सहयोग उपलब्ध गराइएकोमा धन्यवाद व्यक्त गरे ।

विस्थापित नागरिकका लागि खाद्यान्न, स्वच्छ खानेपानी, औषधोपचार, सुरक्षित आश्रय तथा मनोसामाजिक सेवा सुनिश्चित गर्न सरकारलाई आग्रह गर्दै उनले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा अन्य जोखिममा रहेका नागरिकको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताए । मृतकको पहिचानलाई संवेदनशील र वैज्ञानिक ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिँदै उनले आवश्यकताअनुसार डीएनए नमुना तथा अन्य अभिलेख सुरक्षित राखी पहिचान प्रक्रिया विश्वसनीय बनाउन सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रपति पौडेलले विपत्तिका कारण घरबारविहीन, विस्थापित तथा आफन्त गुमाएका नागरिकलाई राज्यको साथ र भरोसा आवश्यक रहेको बताए । पीडितका गुनासा र मागलाई आलोचनाका रूपमा नभई समाधानका लागि महत्वपूर्ण सङ्केतका रूपमा लिन सरकार तथा सम्बन्धित निकायलाई आग्रह गरे ।

उनले जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम वृद्धि र हिमाली क्षेत्रमा बढ्दो जोखिमप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षणसमेत गराए । नेपालको हिमाली पर्यावरण अत्यन्त नाजुक अवस्थामा रहेको उल्लेख गर्दै उनले नेपाललगायत प्रभावित मुलुकका लागि जलवायु न्याय सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग ठोस कदम चाल्न आग्रह गरे ।

राष्ट्रपति पौडेलले विपत्तिपछि पुनर्निर्माण, पुनःस्थापना र आर्थिक पुनरुत्थानमा जुट्दा नेपालको विकास मोडेलमाथि समेत पुनर्विचार गर्नुपर्ने आवश्यकता औँल्याए ।

विगतमा भूकम्प, बाढीपहिरो, महामारीलगायत विपत्तिको सामना गर्दै नेपाली जनताले देखाएको साहस र धैर्यको स्मरण गर्दै उनले यसपटक पनि राष्ट्रिय एकताका साथ विपत्तिबाट पार पर्न सकिने विश्वास व्यक्त गरे ।

उनले राजनीतिक दल, निर्वाचित जनप्रतिनिधि, नागरिक समाज, मानवीय सहायता तथा उद्धारमा संलग्न सङ्घसंस्था, निजी क्षेत्र, व्यवसायी समुदाय तथा सम्पूर्ण नागरिकलाई पुनर्निर्माण र राष्ट्रिय पुनरुत्थानका लागि एकताबद्ध भएर अघि बढ्न आह्वान गरे ।

# सरकारले विपत्तिमा ‘हिरोइजम’ मात्र देखायो : प्रचण्ड

## खोजी, उद्धार र राहतमा सरकार असफल भएको आरोप; पुनर्निर्माण र पुनःस्थापनाका लागि २४ बुँदे प्रस्ताव

दैनिक समाचारदाता

काठमाडौँ २२ भदौ । पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भोटेकोसी बाढीपछि पीडित नागरिकको खोजी, उद्धार र राहतमा सरकारले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको आरोप लगाएका छन् ।

आइतबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको केन्द्रीय संयोजन समितिको बैठकमा बाढीपहिरोबाट भएको क्षतिको समीक्षा गर्दै प्रचण्डले विपद्का बेला सरकारले ‘हिरोइजम’ मात्र देखाएको आरोप लगाए । उनले प्रधानमन्त्री बालेन्द्र शाहको भूमिका बिहान-बेलुका सामाजिक सञ्जालमा स्टाटस राख्ने र गृहमन्त्री सुरुङमा उद्धार कार्यमा सीमित भएको टिप्पणी गरे ।

विपद्का बेला प्रधानमन्त्रीले सबै राजनीतिक दलसँग समन्वय गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग जुटाउन पहल गर्नुपर्ने भए पनि त्यसतर्फ पर्याप्त काम हुन नसकेको प्रचण्डको भनाइ थियो । सुरुङमा फसेका नागरिकको उद्धारका लागि तत्कालै छिमेकी तथा मित्रराष्ट्रसँग प्राविधिक सहयोग मागिएको भए धेरैको ज्यान जोगाउन सकिने उनले दाबी गरे ।

सरकारको गतिविधि अपरिपक्व देखिएको आरोप लगाउँदै उनले विपत्तिको समयमा राजनीतिक विवाद र स्वार्थभन्दा नागरिकको जीवन रक्षा प्राथमिकतामा हुनुपर्ने बताए ।

प्रचण्डले भोटेकोसी बाढीलाई जलवायु परिवर्तनसँग जोड्दै नेपालले जलवायु न्यायको विषय अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी रूपमा उठाउनुपर्ने बताए । हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको उल्लेख गर्दै उनले यसबारे विश्वको ध्यानाकर्षण गराउन सरकार गम्भीर बन्नुपर्ने धारणा राखे ।

बैठकमा नेकपाका सहसंयोजक माधवकुमार नेपालले आफू प्रधानमन्त्री हुँदा सगरमाथाको कालापत्थरमा मन्त्रिपरिषद्को बैठक आयोजना गरी हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभावबारे विश्वको ध्यानाकर्षण गराएको स्मरण गरे । त्यसपछिका सरकारले यस विषयमा पर्याप्त पहल गर्न नसक्दा नेपालले ठूलो क्षति बेहोर्नुपरेको उनको दाबी थियो ।

बैठकले अब राहतसँगै पुनर्निर्माण र पुनःस्थापनालाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ । सबै राजनीतिक दलसँग समन्वय गरी प्रभावित क्षेत्रमा काम गर्न पार्टीपङ्क्तिलाई निर्देशन दिइएको नेता गङ्गानारायण श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार नदी किनारमा बस्ती विकास तथा भौतिक पूर्वाधार निर्माण गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने र नेपालको विकास मोडेलमाथि समेत पुनर्विचार गर्नुपर्ने विषयमा बैठकमा छलफल भएको थियो ।

नेकपा प्रवक्ता प्रकाश ज्वालाका अनुसार बैठकले विपद्को



दीर्घकालीन समाधानका लागि २४ बुँदे विशेष प्रस्ताव अनुमोदन गरेको छ । प्रस्तावमा खोजी तथा उद्धार, राहत, अस्थायी आवास, पुनःस्थापना, पूर्वाधार पुनःसञ्चालन, सुरक्षित आवास, जोखिम मूल्याङ्कन, राष्ट्रिय जलवायु तथा विपद् कोष, पूर्वसूचना प्रणाली, द्रुत प्रतिकार्य टोली, जलवायु न्याय र राष्ट्रिय एकतालगायत विषय समेटिएका छन् ।

बैठकले पार्टी नेतृत्व प्रभावित क्षेत्रमा प्रत्यक्ष उपस्थित हुनुपर्ने भन्दै प्रचण्ड र नेपाललाई रसुवा तथा नुवाकोट जान सुझावसमेत दिएको छ ।

## दैनिक ४०......

पुगेको छ । केही डिपोहरूमा अझ बढी शुल्क लिइरहएको उपभोक्ताको गुनासो छ ।

संघका अध्यक्ष दिवानबहादुर चन्दका अनुसार, उपत्यका आपूर्ति गर्ने २२ वटा उद्योगमध्ये १८ वटामा बुलेट पुग्न नसकेपछि तराईका अन्य उद्योगमा ग्यास भरेर साना ट्रकमार्फत वैकल्पिक मार्ग हुँदै काठमाडौँ ल्याउनुपर्ने बाध्यता छ ।

५० किलोमिटरभन्दा बढी दूरीमा ढुवानी खर्च समायोजन गर्न पाउने नीतिगत व्यवस्थालाई टेकेर यो मूल्य वृद्धि गरिएको उद्योगीहरूको तर्क छ । वैकल्पिक मार्ग प्रयोग गर्दा प्रतिसिलिन्डर १८० रुपैयाँ ८० पैसा अतिरिक्त लागत निस्किए पनि त्यसलाई ढुवानीकर्ता, उद्योगी र उपभोक्ताबिच बाँडफाड गरिएको दाबी संघले गरेको छ ।

घण्टौँ लाइन बस्दा पनि पाइँदैन ग्यासको आपूर्ति कम भएसँगै काठमाडौँका प्रमुख ग्यास डिपोहरूमा उपभोक्ताको लामो लाइन देखिन थालेको छ । कलंकी, बालाजु र ललितपुरका विभिन्न क्षेत्रमा मध्यरातदेखि नै रित्तो सिलिन्डर लिएर लाइन बस्नेहरूको लर्को छ । तर, लामो समय (२/३ दिन) लाइन बस्दा पनि ग्यास नपाएको गुनासो उपभोक्ताको छ । केही उपभोक्ताहरू एकभन्दा बढी सिलिन्डर लिएर लाइनमा बस्ने गर्दा एउटा मात्रै सिलिन्डर भएका उपभोक्ताले समस्या भोग्नु परेको छ । कतिपय अवस्थामा लाइन बस्दाबस्दै ग्यास सकिने र ३/४ दिनसम्म ग्यास नपाइएको उपभोक्ताले गुनासो गरिरहेका छन् ।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष चन्दले पनि वितरणमा बेथिति रहेको स्वीकार गरे । ‘कतिपय डिलरहरूले आफ्नै कर्मचारीलाई उपभोक्ता बनाएर लाइनमा पठाउने र ग्यास होल्ड गर्ने गरेको पाइएको छ,’ उनले भने, ‘यसलाई नियन्त्रण गर्न परिचयपत्र को आधारमा ग्यास वितरण गर्ने योजना बनाइए पनि चौतर्फी विरोध र आलोचनाका कारण कार्यान्वयन हुन सकेन ।’

***कहिले हुन्छ सहज ?***

धादिङको कृष्णभीरमा पहिरोका कारण सडक अवरुद्ध हुँदा तराईबाट ग्यास बोकेर आउने ठुला बुलेटहरू ८ दिनदेखि बाटोमै रोकिएका छन् । नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार, बाटो खुल्नेबित्तिकै रोकिएका बुलेटहरू काठमाडौँ भित्रिनेछन् र आपूर्तिमा सुधार आउनेछ । ‘सडक विभागले पहिरो पन्छाउने काम गरिरहेको छ, बाटो पूर्ण रूपमा सञ्चालनमा आएको ३ देखि ४ दिनभित्रै बजारमा ग्यासको उपलब्धता बढ्नेछ,’ ठाकुरले भने ।

हाल काठमाडौँमा दैनिक ४० हजार सिलिन्डरको माग छ, तर आपूर्ति मात्र २५ हजार छ । यो १५ हजार सिलिन्डरको दैनिक घाटा पूर्ति गर्न रोकिएका सबै बुलेटहरू काठमाडौँ आइपुग्नुपर्छ । हाल ५८ मध्ये १७-१८ वटा उद्योगले मात्रै ग्यास भरिरहेका छन् । काठमाडौँका उद्योगहरूमा पर्याप्त ग्यास पुगेर सबै उद्योग पूर्ण क्षमतामा चलेपछि मात्रै ग्यास संकट अन्त्य हुने ग्यास उद्योग संघका अध्यक्ष दिवानबहादुर चन्द बताउँछन् । यदि आज-भोलि नै कृष्णभीरको सडक पूर्ण रूपमा सुचारु भयो भने पनि बजारमा ग्यासको लाइन हट्न र सहजै पाउन कम्तीमा एक साता लाग्ने देखिन्छ । बाटो खुलेपछि बुलेटहरू उद्योग पुग्ने, ग्यास रिफिल हुने र डिलरहरूमार्फत उपभोक्ताको घरसम्म पुग्न समय लाग्ने भएकाले तत्कालै अभाव हट्ने सम्भावना न्यून छ ।

अहिले वैकल्पिक मार्गबाट ग्यास ल्याउने प्रयास भइरहेकाले केही राहत मिले पनि, सडक सुचारु नभएसम्म र मागअनुसार ४० हजार सिलिन्डर दैनिक आपूर्ति नभएसम्म उपभोक्ताले अझै केही दिन सास्ती र प्रतिसिलिन्डर १०५ रुपैयाँ थप आर्थिक भार खेप्नुपर्ने निश्चित छ ।


यस्तै कृष्णभीरको सडक तत्काल सञ्चालनमा नआए काठमाडौँमा ग्यासको मात्र होइन, समग्र अत्यावश्यक वस्तुको हाहाकार मच्चिने देखिन्छ । एकातिर मागको आधा मात्रै आपूर्ति हुनु र अर्कोतिर ढुवानीको बहानामा उद्योगीहरूले मनोमानी ढंगले मूल्य बढाउनुले सर्वसाधारणको भान्सा महँगो र कष्टकर बनेको छ । सरकारले तत्काल कृष्णभीर सडक मर्मतमा तीव्रता र बजार अनुगमनमा कडाइ नगरे यो संकट अझै केही साता लम्बिने निश्चित छ ।

माग ४० हजार तर आपूर्ति २५ हजारको यो गम्भीर असन्तुलनले काठमाडौँमा ग्यासको कालोबजारी र पहुँचवालाको हालीमुहालीको जोखिम समेत बढाएको छ । यसैले सरकारले न्यायोचित वितरण प्रणाली र मूल्य स्थिरताका लागि सरकारले ठोस कदम चाल्नु अपरिहार्य देखिएको छ ।

## भोटेकोशी........

श्रद्धाञ्जली कार्यक्रममा सहभागी वक्ताहरूले प्राकृतिक विपत्का कारण नागरिकको जीवन, स्वास्थ्य, आवास, सुरक्षा तथा सुरक्षित रूपमा बाँच्न पाउने अधिकारमा परेको असरप्रति चिन्ता व्यक्त गर्दै विपत्पछिको राहत, पुनःस्थापना र पुनर्निर्माणलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराएका थिए।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**

Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377

Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४